**प्रस्तावहरु**

१. मर्मत सम्भार तर्फ विनियोजना रकम सम्वन्धमा ।

२. विविध शिर्षकमा रहेको बजेट छुट्याउने सम्वन्धमा ।

३. कर्मचारी समायोजनको पत्र दिने सम्वन्धमा ।

४. गाउँपालिकाको बैंक खाता संचालन सम्वन्धमा

५.परीक्षा छनौट तथा सिफारिस समितिले सिफारिस गरि नियुक्ति दिएको पदहरु अ.स.ई./स.ई, सूचना प्रविधि अधिकृत र का.स. सम्वन्धमा ।

६. विपद व्यवस्थापन कोषमा रकम छुट्याउने र खाता संचालन सम्वन्धमा ।

७. चौमासिक खर्च स्वीकृती सम्वन्धमा ।

८.बेरुजु फछ्र्यौट सम्वन्धमा ।

९.राजस्व/पंजिकरण र सामाजिक सुरक्षा लगत व्यवस्थापन सम्वन्धमा ।

१०. योजना संचालन र भुक्तानी सम्वन्धमा ।

११.विगत देखि स्वास्थ्य चौकिमा कार्यरत कार्यालय सहयोगी तथा LGCDPसामाजिक परिचालक तलव भत्ता सम्वन्धमा ।

१२. स्वयंसेवक सेवा करार सम्वन्धमा

१३. कार्यविधि अनुमोदन सम्वन्धमा ।

१४.लेखा परीक्षक(सहकारी/विद्यालय) को नियुक्ति र लेखापरीक्षण सम्वन्धमा

१५. राहत तथा सहयोग सम्वन्धमा ।,

१६. विविध सम्वन्धमा ।

Scanned by CamScanner

हरि ज्योति गाउँपालिकाको कार्यालय
भेरी (?) नागा जाजरकोट
कर्णाली प्रदेश नेपाल
२०७३
हरिभक्त (?) बहादुर
गाउँपालिका अध्यक्ष

# निर्णयहरु

## निर्णय नं. १

चालु आ.व. ०७५/७६ मा पूर्वाधार विकास तर्फ वडा नं. ६ मा साँधी विसौना देखि गाउँपालिका सम्म मोटरबाटो निर्माणमा छुट्टिएको बजेट रु ३० लाखमा कार्य सम्पन्न नभएको हुँदा प्राविधिक मूल्यांकन अनुसार कार्य सम्पन्न प्रतिवेदन बमोजिम अपुग बजेट रु ३ लाख ६५ हजार साँधी विसौना देखि वडा कार्यालय भवन हुँदै थर्पु, भार्मा सम्म कृषि सडक निर्माण उपभोक्ता समितिलाई मर्मत सम्भार तर्फ छुट्टयाइएको ७० लाख २३ हजार बाट दिने निर्णय गरियो । साथै मर्मत सम्भार तर्फ छुट्टयाइएको ७० लाख २३ हजार बाट  सवारी साधन मर्मत तथा तपसिलका बमोजिमका शीर्षकमा छुट्टाउने निर्णय गरियो ।

क) गाडी मर्मत सम्भार तर्फ रु ९ लाख ८ हजार

ख) दम्दाला,  जहरगाउँ वडा नं. ७ हुदै मालुतरा  सम्म सडक मर्मत  ९ लाख ५० हजार

ग) बाटुल्ले देखी साँधी विसौना हुँदै जहरगाउँ सम्म सडक मर्मत  ३ लाख

घ) बाटुल्ले देखि इमिला मुला सम्म सडक मर्मत  रु ४ लाख

ङ) इमिला मुला  देखि  टालेगाउँ हुँदै डोग्री सम्म सडक मर्मत रु १० लाख ५० हजार

च) इमिला मुला  भेटुखाना मा.वि. हुदै दतिउर अल्काभौता सम्म सडक मर्मत रु ६लाख ५० हजार

छ) पाँचकाटिया, दम्दाला देखि सानीगाउँ सम्म मोटरबाटो मर्मत ४ लाख ५० हजार

ज  झारगाउँ देखि विद्युत अफिस सम्म सडक मर्मत रु  ३ लाख

झ) साँधी विसौना देखि गाउँपालिका सम्म सडक मर्मत  रु ५ लाख

ञ) बहारा मन्दिर निर्माण कुशे २ रु १ लाख ५० हजार

ट) महादेव मन्दिर निर्माण  कुशे २, खाच्चौर जाजरकोट ३ लाख

ठ) ढल निकाश कुशे ४ अर्छानी २ लाख

साथै जिल्ला प्रहरी कार्यालय जाजरकोटको सेन्ट्री पोष्ट तथा टहरा निर्माणको  लागि रु  ५ लाख छुट्याउने निर्णय गरियो ।

## निर्णय नं. २

यसै वर्ष चालु खर्च तर्फ छुट्टिएको विविध शीर्षकमा विनियोजन भएको रु १ करोड मध्ये रु ३५ लाख ५० हजार छुटयाई सो रकमलाई तपसिल बमोजिमको शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

तपसिल :

क) फर्निचर एण्ड फिक्चर्स तर्फ रु ५ लाख

ख) मेसिनरी औजार खरिद तर्फ रु १५ लाख

ग) गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन तथा प्रधानाध्यापकलाई तालिम तथा अभिमुखीकरण रु १० लाख

घ) ७० वर्ष माथिका जेष्ठ नागरिकलाई न्यानो कपडा वित्तरण कार्यक्रम रु ५लाख ५० हजार

**निर्णय नं. ३**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी समायोजन शाखाको च.नं.२२, मिति २०७५।०८।२४ को समायोजनको पत्र दिने सम्वन्धमा प्रेषित पत्रानुसार यसै गाउँपालिकामा कार्यरत प्राविधिक सव इन्जिनियर श्री ललित के.सी. लाई निजको स्थायी नियुक्ति पत्रको सक्कल पत्र रुजु गरी समायोजन पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

हाल सम्म गाउँपालिकाको बैंक खाता नेपाल बैंक लि. खलंगा जाजरकोटमा रहेकोमा गाउँपालिकाको कार्यालय व्यवस्थापन यथाशीघ्र सम्पन्न गरी कृषि विकास बैंक लाई गाउँपालिकाको कार्यालय थर्पु भार्मामा रही गाउँपालिकाको खाता संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

गाउँपालिकाबाट विभिन्न मिति र समयमा प्रकाशित सूचना बमोजिम योग्यतम उम्मेद्धवार निष्पक्ष, स्वतन्त्र रुपमा छनौट गर्न प्राविधिक कर्मचारी करारमा लिने सम्वन्धी कार्यविधि २०७५ बमोजिम उम्मेद्धवार छनौट तथा सिफारिस समितिले छनौट गरी सिफारिस र नियुक्ति दिएका पदहरु असिस्टेन्ट सव इन्जिनियर (अ.स.ई)/सव इन्जिनियर (स.ई) ,सूचना प्रविधि अधिकृत IT Officer र कार्यालय सहयोगीको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

विपद व्यवस्थापन कोष खडा गरी गाउँपालिकाको कार्यविधि अनुसार छुट्टै खर्च खाता संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

चालु आ.व. ०७५/०७६ मा प्रथम चौमासिकमा प्राप्त निकासा रु ६,३२,६३,५००। मध्ये चालु तथा पूँजीगत शीर्षकमा गरिएको प्रथम चौमासिक खर्च तपसिल बमोजिमको रकमलाई अनुमोदन दिने निर्णय गरियो ।

Scanned by CamScanner

**तपसिल :**

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा | ३३४०१२५६।८९ | |
| २ | स्वास्थ्य | ३४१५८४०।५४ | |
| ३ | पशु(एक गाउँ एक प्राविधिक समेत) | २१९४८३।०० | |
| ४ | कृषि (एक गाउँ एक प्राविधिक समेत) | २१९४८३।०० | |
| ५ | ग्रामीण पूर्वाधार विकास तर्फ | २०८५५१।०० | |
| ६ | पशुपंक्षी विकास कार्यक्रम (वित्तिय समानीकरण) | ५४२३३५।०० | |
| ७ | पशुपंक्षी विकास (सशर्त अनुदान) | ६२१६८८।७९ | पछि सोधभर्ना हुने गरी |
| ८ | कृषि विकास (सशर्त अनुदान) | ४५३१२९।०१ | पछि सोधभर्ना हुने गरी |
| ९ | महिला विकास कार्यक्रम (सशर्त अनुदान) | १५४३९०।३९ | |
| १० | गाउँपालिका तर्फ ( वित्तीय समानीकरण) | ५७४६८८५।९६ | |
| ११ | पूँजीगत ( वित्तीय समानीकरण) | ४५००००।०० | पेश्की गएको |
| १२ | सामाजिक सुरक्षा | ८३७००००।०० | |
| | कुल जम्मा | ५३८०३०४३।५८ | |

**निर्णय नं. ८**

चालु आ.व.को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजु फछ्र्यौट गर्न प्रचलित नियमानुसार प्रमुख प्रशासकीय अधिकृत र लेखापाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

हरेक महिनामा संकलित राजस्व/गैर राजस्वलाई मसान्त समाप्ति पछि अर्को महिनाको ५ गते भित्र अनिवार्य रुपमा गाउँपालिकाको मूल संचित कोषमा दाखिला गर्न निर्णय गरियो । साथै व्यक्तिगत घटना दर्ता समेत हरेक महिनाको ५ गते भित्र नै अनुसूचिको फाराम समेत गाउँपालिकामा पेश गर्न सम्वन्धित कर्मचारीलाई जिम्मेवार तुल्याउने निर्णय गरियो । सामाजिक सुरक्षा लगत व्यवस्थापनलाई Online प्रणाली VERSS-MIS प्रणालीबाट यथासिघ्र संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

बजेटको परिधि भित्र प्राविधिक मूल्यांकन बमोजिम योजनाको संचालन र भुक्तानी दिने तथा प्रचलित नियमानुसार पेश्की निरुत्साहित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

विगतको वर्ष देखि स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी र गाउँपालिकाको वडामा कार्यरत विगतमा LGCDP मा कार्यरत सामाजिक परिचालकको तलव भत्ता व्यवस्थापन गर्न गाउँपालिकाबाट यथासिघ्र पहल गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

निर्णय नं. १२

कुशे गाउँपालिका अन्तर्गत पशुपन्छी विकास र कृषि विकास शाखासँग सम्वन्धित पशुपन्छी र कृषि विकासका आवश्यक तथ्यांक संकलन गर्नको लागि १/१ जना स्वयंसेवक मिति २०७५ साल पौष महिना देखि सेवा करार गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस गाउँपालिकामा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त तपसिलका कार्यविधि दफाबार छलफल गरी आवश्यक परिमार्जन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

क) अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वित्तरण कार्यविधि, २०७५

ख) दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि हवाई उद्दार सम्वन्धी कार्यविधि, २०७५

निर्णय नं. १४

लेखा परीक्षक(सहकारी/विद्यालय) को नियुक्ति र लेखापरीक्षण सम्वन्धमा आवश्यक छलफल हुँदा प्रत्येक वर्ष सहकारी तथा विद्यालयले अनिवार्य रुपमा लेखापरीक्षण गराउनु पर्ने हुँदा गाउँपालिका अन्तर्गतका सम्पूर्ण सहकारी तथा विद्यालयको लेखा परीक्षण गर्न सूचीकृत भएका लेखापरीक्षक मध्येबाट छनौट गरी लेखा परीक्षण गर्ने सहकारी तथा विद्यालयले लेखा परीक्षकको पारिश्रमिक स्वयं सहकारी तथा विद्यालयले नै व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १५

यस गाउँपालिकाको विभिन्न कारणले जोखिममा परेका व्यक्तिहरुले गाउँपालिकामा राहत रकम उपलब्ध गराई पाउ भनी निवेदन पेश गरेकोले विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्वन्धी ऐन २०७४ मा व्यवस्था भए बमोजिम  राहत प्रदान गरिने निर्णय गरियो ।

निर्णय नं. १६ विविध

क) कुशे मालिका अनलाईन प्रवर्द्धन सहयोगको लागि  जयचन्द मिडिया ग्रुपले पेश गरेको प्रस्तावना अनुसार चालु तर्फ विनियोजन गरिएको भैपरी शीर्षकबाट रु १ लाख ५० हजार  अनुदान दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner